# नेपाल सरकार
## उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

प.सं. ३१/ २०७८/०७९ प्रशासन
च.नं. १२८

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय नेपाल सरकार २०७४

मिति: २०७८/०५/११

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौं ।
श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाण्डौं ।
श्री जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक, ललितपुर ।

जलस्रोत तथा सिंचाइ विभाग
दर्ता नं. : ३०३
मिति : २०७८/५/१२

विषय: परिपत्र ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि, वन तथा वातावरण शाखाको च.नं. कृ.व./६११/८५४, मिति २०७८/०५/०४ को निर्णय (राष्ट्रसेवक कर्मचारी बृक्षरोपण अभियान) कार्यान्वयन सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई उक्त पत्रमा उल्लेख भए बमोजिम कार्यान्वयन गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(सुप्रभा खनाल (ढुङ्गेल))
उप सचिव

- ☐ योजना, कार्यक्रम तथा समन्वय महाशाखा
- ☐ बहुउद्देश्यीय तथा सिंचाई महाशाखा
- ☐ जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
- ☐ भूमिगत जल तथा भौगर्भिक महाशाखा
- ☐ सिंचाई व्यवस्थापन महाशाखा
- ☑ प्रशासन शाखा
- ☐ आर्थिक प्रशासन शाखा
- ☐ ऐन कानून परामर्श शाखा

२०७८/५/१२

Website: www.moewri.gov.np Email:info@moewri.gov.np
फोन नं. ९७७-१-४२११४११/४२००११९/४२०००३७/४२११४२६/४२११५२३/४२००१२२/४२११५०६/४२११५२५
फ्याक्स :९७७-१-४२०००२६/४२११५०५

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सचिवज्यूको कार्यकक्ष
दर्ता नं. : ९४३
दर्ता मिति : ०८.०५.०५

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(कृषि, वन तथा वातावरण शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-२०७८/०७९
च.नं.: - कृ.व./६११/ ८५४

मितिः २०७८/०५/०४

विषयः निर्णय (राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियान) कार्यान्वयन सम्बन्धमा।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
दर्ता नं. : ८९८
मिति : ०८.०५.०५

श्री सबै मन्त्रालय/ आयोग/सचिवालय/कार्यालय/ सुरक्षा निकायहरू।

निजामती सेवा दिवस (भदौ २२)को अवसरमा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियान कार्यक्रम संचालन गर्न विभिन्नस्तरका (केन्द्रीय/प्रदेश/जिल्ला र स्थानीय) समितिहरु गठन गरिएको व्यहोरा अवगत गराइन्छ । यस सन्दर्भमा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियानलाई व्यवस्थित वनाउन मिति २०७८/०५/०४ मा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियान केन्द्रीय समन्वय समितिबाट भएका निर्णयहरु कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गरिन्छ । साथै सम्बन्धित विषयगत मन्त्रालयले आफु अन्तर्गतका निकाय तथा सार्वजनिक संस्थानहरुलाई समावेश गरी बृक्षारोपण कार्यक्रम संचालन गर्नु/गराउनहुनसमेत निर्देशानुसार अनुरोध छ।

२०७८/०५/०४
(शारदा भण्डारी)
उपसचिव

- ☐ श्री जलस्रोत महाशाखा
- ☐ श्री ऊर्जा महाशाखा
- ☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
- ☐ श्री कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा
- ☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
- ☑ श्री प्रसाशन महाशाखा
- ☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

मिति २०७८।०५।४

निजामती सेवा दिवस (भदौ २२) को अवसरमा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियान शुरुवात गर्ने प्रयोजनार्थ गठित राष्ट्रसेवक कर्मचारी बृक्षारोपण अभियान केन्द्रीय समन्वय समितिका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शिशिरकुमार ढुङगानाज्यूको संयोजकत्व र देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक वसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| सि.न. | नाम | पद | निकाय | मोवाइल नंम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १ | श्री शिशिरकुमार ढुङगाना | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | |
| २ | श्री एक नारायण अर्याल | सचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | |
| ३ | डा. प्रेम नारायण कंडेल | सचिव | वन तथा वातावरण मन्त्रालय | | | |
| ४ | श्री किरन बहादुर शाही | प्रहरी अतिरिक्त महानिरीक्षक | प्रहरी प्रधान कार्यालय | | | |
| ५ | श्री राजशरण पौडेल ११ | सशस्त्र प्रहरी अतिरिक्त महानिरिक्षक | सशस्त्र प्रहरी बल | ९८५१२६०००० | | |
| ६ | श्री लव कुमार रायमाझी | ~~उपरथी~~ सहायक रथी | वन तथा पर्यावरण सुरक्षा निर्देशानलय | ९८५१०८५५१२ | dte-fesenepal army.mil.np | |
| ७ | श्री केदार नाथ शर्मा | सह सचिव | अर्थ मन्त्रालय | ९८५११६६५१५ | | |
| ८ | श्री ध्रुव घिमिरे | सहसचिव | प्र. म तथा म प को कार्यालय | | | |

निर्णयहरू:

१. सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सञ्चालन गरिने राष्ट्रसेवक कर्मचारी वृक्षारोपण अभियान सञ्चालन गरिने मिति, समय र स्थान वन तथा वातावरण मन्त्रालयले निर्धारण गरी २०७८ भाद्र ११ गते भित्र जानकारी गराउने ।

२. राष्ट्रसेवक कर्मचारी वृक्षारोपण अभियान अन्तर्गत सप्ताहव्यापीरुपमा सञ्चालन गरिने कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय/सचिवालय/आयोग तथा सुरक्षा निकायको तर्फबाट वन तथा वातावरण मन्त्रालयले निर्दिष्ट गरेका स्थानमा वृक्षारोपण गर्ने। यसरी वृक्षारोपण गरिने स्थान र मिति सम्बन्धित निकायले वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी निर्धारण गर्ने ।

३. वृक्षारोपण कार्यक्रमका लागि आवश्यक विरुवा सम्बन्धित वन कार्यालयले उपलब्ध गराउने । कार्यालयमा उपलब्ध नभएमा वृक्षारोपण क्षेत्रमा उपयुक्त हुने विरुवा र सो उपलब्ध हुने स्थानको बारेमा सम्बन्धित निकायलाई वन तथा वातावरण मन्त्रालयले जानकारी गराउने ।

४. वृक्षारोपण कार्यक्रमलाई सफल बनाउन सबै मन्त्रालय/आयोग/ सचिवालयका प्राशासन महाशाखा प्रमुखले वन तथा वातवारण मन्त्रालयसँग समन्वय गरी विरुवाको व्यवस्था गर्ने ।

५. कार्यक्रम अन्तर्गत रोपिएका विरुवाको संरक्षण र हेरचाहका लागि सम्बन्धित स्थानीय तह, जिल्ला वन कार्यालय र स्थानीय सामुदायिक संस्थाको समन्वय र सहभागितामा वृक्षारोपण गर्ने निकायले मिलाउने ।

